मिति : २०८२/०७/१९, कार्यपालिका बैठक संख्या: ०८-०८२/८३

**बैठक नं. ८**

आज मिति २०८२ साल कार्तिक १९ गते बुधवार (ने.सं. ११४६, कछलाथ्व, पुन्ही) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ११:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, वेउरी, रुपन्देही ।

**उपस्थितिः**

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

**सहयोगीहरु**

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १७ | | श्री नगेन्द्र मल्ल | स. कम्प्युटर अधिकृत |
| १८ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १९ | | श्री लक्ष्मी चौधरी थारू | कार्यालय सहयोगी |

CamScanner

मिति : २०८२/०७/१९, का.पा बैठक संख्या: ०८-०८२/८३

प्रस्तावहरु

८.१. सार्वजनिक सुनुवाई सम्बन्धमा,

८.२. करार कर्मचारीहरूको म्याद थप सम्बन्धमा,

८.३. करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा,

८.४. विविध ।

निर्णयहरू

८.१. सार्वजनिक सुनुवाई सम्बन्धमा,

आ.व. २०८१/८२ को वार्षिक सार्वजनिक सुनुवाई मिति २०८२ मंसिर २६ गते शुक्रबार कञ्चन गाउँपालिका वडा नं. २ को कार्यालयमा गर्ने सो कार्यका लागि उपयुक्त शीर्षकबाट रू. १ लाख खर्च बेहोर्ने ।

८.२. करार कर्मचारीहरूको म्याद थप सम्बन्धमा,

यस गाउँपालिका अन्तर्गतका कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा विगत लामो समयदेखि करार तथा ज्यालादारी रुपमा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद मिति २०८२ असोज मसान्तमा समाप्त भई म्याद थपका लागि सम्बन्धित कर्मचारीहरूबाट म्याद थपको निवेदन पेश भएको र निजहरूको काम सन्तोषजनक देखिएको तथा निजहरुको निरन्तरता नभएकोमा जनशक्ति अभाव भई कार्यसम्पादनमा कठिनाई हुने देखिएकाले सम्पूर्ण करार तथा ज्यालादारीमा कार्यरत रहेका कर्मचारीहरुसँग साविककै सेवा सुविधा कायम हुने गरी मिति २०८२ पौष मसान्तसम्मको लागि करार सम्झौता म्याद थप गर्ने ।

८.३. करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा,

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०६/३० गते बसेको बैठकको नि.नं. ७.२ मा गाउँपालिकामा कार्यरत करारका कर्मचारीहरूका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका थप प्रक्रिया अगाडी बढाउने सम्बन्धमा पुनः अर्को बैठकमा छलफल गर्ने निर्णय भए बमोजिम गाउँपालिकामा कार्यरत सम्पूर्ण करारका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गरी आवद्ध गर्ने ।

८.४. आ.व. २०८२/८३ को योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन सम्बन्धमा,

आ.व. २०८२/८३ को स्वीकृत उपभोक्ता समितिहरूबाट हुने योजना कार्यान्वयनका लागि सम्बन्धित उपभोक्ताहरूको मिति २०८२/०८/१५ गतेभित्र उपभोक्ता समिति गठन गरी २०८२ मंसिर मसान्तसम्म सम्झौता गर्ने ।

८.४ विविध,

८.४.१. आर्थिक सहायता सम्बन्धमा

क. कञ्चन गाउँपालिका वडा नं. १ स्थित श्री चाँदनी युवा क्लबको च.नं. १३ मिति २०८२/०७/१८ गतेको पत्रानुसार क्लबले मिति २०८२ मंसिर ५ देखि १६ गतेसम्म सञ्चालन

गर्ने नवौं चाँदनी कप, २०८२ विगत वर्षहरूमा जस्तै यस वर्ष पनि सञ्चालनका लागि आर्थिक सहायता उपलब्ध गराइदिनका लागि उक्त क्लबले प्रस्तावना समेत पेश गरेकोमा लागत साझेदारीमा गाउँपालिकावाट रू ५०,०००/- (अक्षरूपी पचास हजार रुपैया मात्र/-) वार्षिक स्वीकृत बजेटको पृष्ठ ९१ (१६४) खर्च शीर्षक (२७२१२) आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी व्यक्तिगत तथा संस्थागत सहायताबाट रकम बेहोर्ने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने ।

ख. जिल्ला खो-खो संघ रूपन्देहीको च.नं. ०३ मिति २०८२/०७/०८ गतेको पत्रानुसार संघले मिति २०८२ कार्तिक २१ देखि २३ गतेसम्म कञ्चन गाउँपालिका धमिनाताल स्थित सञ्चालन गर्ने जिल्ला स्तरीय छात्र-छात्रा खो-खो प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहायता उपलब्ध गराइदिनका लागि उक्त संघले प्रस्तावना समेत पेश गरेकोमा लागत साझेदारीमा गाउँपालिकाबाट रू ५०,०००/- (अक्षरूपी पचास हजार रुपैया मात्र/-) वार्षिक स्वीकृत बजेटको पृष्ठ ९१ (१६४) खर्च शीर्षक्र (२७२१२) आर्थिक सहायता ऐन वमोजिम खर्च हुने गरी व्यक्तिगत तथा संस्थागत सहायताबाट रकम बेहोर्ने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने ।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट आठौं कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष